# स्थानीय राजपत्र

## मिर्चैया नगरपालिकाद्धारा प्रकाशित

**खण्ड ८ संख्या १ असोज १८ गते २०८१ साल**


**भाग-२**

**मिर्चैया नगरपालिका**

**मिर्चैया, सिरहा**

**सूचना नं.-१**

**मिर्चैया नगरपालिकाको खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड कार्यविधि, २०८१**

स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवामा पहुँच प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गरी सहज र दिगो रुपमा स्वच्छ तथा गुणस्तरीय खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी सेवा उपलब्ध गराउने सम्बन्धमा स्थानीय **सरकार संचालन ऐन** २०७४ **दफा ११ को उपदफा ध को** (१) **र** (२) **वमोजिम खानेपानी तथा सरसफाई व्यवस्थापन बोड** गठन गर्न आवश्यक तथा वाञ्छनीय भएकोले मिर्चैया **नगरपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता ऐन २०८० को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी मिति २०८१।६।१८ मा वसेको मिर्चैया नगर कार्यपालिकाको वैठकले यो कार्यविधि स्वीकृत गरि लागु गरेको हुंदा स्थानीय सरकार संचालन** ऐनको **दफा १०२ को दफा** (२) **बमोजिम यो सूचना प्रकासित गरिएको छ**

**परिच्छेद-१**

**प्रारम्भीक**

१. **संक्षीप्त नाम र प्रारम्भ :** १) **यी कार्यविधिको नाम "मिर्चैया नगरपालिकाको खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड कार्यविधि, २०८१" रहेकोछ ।**

२) **यो कार्यविधि मिर्चैया नगर कार्यपालिकाबाट स्वीकृत भई मिर्चैया नगरपालिकाको राजपत्रमा प्रकासित गरेको मिति देखी प्रारम्भ हुनेछ ।**

३) **यो कार्यविधि मिर्चैया नगरपालिकाभर मात्र लागु हुनेछ ।**

२. **परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-**

क) **"बोड "भन्नाले मिर्चैया नगरपालिका क्षेत्र भित्र निर्माण भई संचालनमा रहेको तथा निर्माणाधिन खानेपानी तथा सरसफाई कार्यसंग सम्वन्धित कार्यलाई व्यवस्थापन गर्न दफा ३ वमोजीम गठित बोर्ड सम्झनु पर्दछ ।**

ख)“समिति” भन्नाले दफा ९ र १० बमोजीम गठन भएको बोर्डको कार्यकारी समिति सम्झनु पर्छ ।

ग)“अध्यक्ष” भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ र सो शव्दले अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने अन्य कुनै तोकोको व्यक्तिसमेतलाई जनाउँछ ।

घ)“सदस्य” भन्नाले कार्यकारी समितिको सदस्य सम्झनुपर्छ र सो सब्दले अध्यक्ष समेतलाई जनाउँछ

ङ)“नगर कार्यपालिका/ स्थानीय सरकार” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजीम गठित मिर्चैया नगर कर्यपालिकालाई सम्झनु पर्छ ।

च)“संस्थान” भन्नाले नेपाल खानेपानी संस्थान ऐन २०४६ बमोजीम स्थापित नेपाल खानेपानी संस्थान सम्झनु पर्छ ।

छ)“भौगोलिक क्षेत्र” भन्नाले बोर्डले खानेपानी वा सरसफाई सेवा संञचालन तथा व्यवस्थापन गर्न गराउन दफा ५ वमोजीम तोकेको क्षेत्र सम्झनु पर्छ ।

ज)“प्राकृतिक पानी” भन्नाले सनातन देखी ढुङ्गेधारा, कुवा, इनार, नदी, खोला, पोखरी, ताल वा सतही प्राकृतिक स्रोतबाट निःसर्त भएको वा भूमिगत स्रोतबाट निकालिएको पानी सम्झनु पर्छ ।

झ)“खानेपानी सेवा ”भन्नाले प्राकृतिक पानीलाई प्रशोधन तथा शुद्धिकरण गरी उपभोक्तालाई पिउने पानी उपलब्ध गराउने काम सम्झनु पर्छ ।

ञ)“सरसफाई सेवा” भन्नाले मानव मल मुत्रबाट वा घरेलु, व्यपारिक वा औद्योगिक पश्चात निष्काशन गर्ने, प्रशोधन गर्ने वा शुद्धिकरण गर्ने काम सम्झनु पर्छ ।

ट)“ सेवा” भन्नाले खानेपानी र सरसफाई सेवा सम्झनु पर्छ ।

ठ)“अनुमति-पत्र” भन्नाले सेवा संचालन तथा व्यवस्थापन गर्न सेवाप्रदायकलाई दिएको अनुमति-पत्र समझनु पर्छ ।

ड)“सेवा प्रदायक” भन्नाले महसुल लिई सेवा उपलब्ध गराउने कुनै व्यक्ति, उपभोक्ता समुह वा संगठित संस्था लाई सम्झनु पर्छ र सो शब्दले बोर्डसंग समझौता गरी सेवा प्रदान गर्ने अन्य कुनै व्यक्तिसमेतलाई जनाउछ ।

ढ)“सेवा प्रणाली” भन्नाले खानेपानी वा सरसफाई सेवा प्रदान गर्ने उद्देश्यले निर्माण वा जडान गरिएको पाईप,जलाशय वा खानेपानी, फोहर पानी वा ढल मिसिएको पानी प्रशोधन वा शुद्धिकरण गर्ने प्लान्ट वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्छ ।

ण)“महसुल ”भन्नाले सेवा प्रदायकले सेवा प्रदान गरेवापात उपभोक्ता बाट लिने सेवा शुल्क सम्झनु पर्छ

त)“तोकिएको वा तोकिए वमोजीम” भन्नाले यस कार्यविधि अन्तरगत बनेको नियममा तोकिएको वा तोकिए बमोजीम सम्झनु पर्छ ।

## परिच्छेद -२

## बोर्डको गठन तथा काम, कर्तव्य र अधिकार

३. बोर्ड गठन गर्न सक्ने :

१) मिर्चैया नगरपालिकाको नगर कार्यपालीकाले खानेपानी व्यवस्थापन बोर्डको आबस्यकता महशुस गरी यस सम्वन्धि कार्यविधि निर्माण गरी खानेपानी सेवालाई प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्न गराउन छुट्‌टै स्वायत्त रुपमा खानेपानी व्यवस्थापन बोर्ड गठन गर्न सक्नेछ ।

२)उपदफा (१) बमोजिमको सेवा प्रणाली नगरपालिकाको केही वा पूरै भागमा समेत सञ्चालन भईरहेको रहेछ भने नगरपालिकाको त्यस्तो भागसमेतलाई उपदफा (१) बमोजीम गठन हुने बोर्डको भौगोलिक क्षेत्रभित्र समावेश गर्न सकिनेछ ।

३)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाले नगरपालिका वा संस्थानबाट सञ्चालन भएको कुनै सेवा प्रणाली वा सेवा यस कार्यविधि भित्र सञ्चालन गराउनु पर्नेछ । यसका लागी देहायका विवरणहरु खुलाई खानेपानी बोर्डलाई हस्तान्तरण गर्नुपर्नेछ :-

क) सेवा संचालन तथा व्यवस्थापन गरिने भौगोलिक क्षेत्र ,

ख) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने क्षेत्रभित्र रहेको वा सोसँग सम्वन्धित पानीको स्रोतको स्थिति,

ग) उपभोक्ताको संख्यत तथा सेवाको विवरण ,

घ) सेवा संचालन,व्यवस्थापन,सो को मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारको लागि तयार गरिएको दीर्घकालीन योजना,

ङ)सेवालाई प्रभावकारी र गुणस्तरयूक्त बनाउन तयार गरिएको कार्य योजना,

च)कुनै सरकारी निकायले सञ्चालन गरिरहेको सेवा प्रणालीलाई बोर्डमा हस्तान्तरण गरी सेवा सञ्चालन गर्ने भए त्यस्तो सेवा प्रणालीसँग आवद्ध सम्पत्ति तथा दायित्व र सो को हस्तान्तरण गर्ने गरीका तथा तत्सम्बन्धी अन्य व्यवस्था र

ञ) तोकिए बमोजिमका अन्य कुराहरु ।

४) उपदफा (३) बमोजिम परेका निवेदनउपर जाँचबुझ गर्दा थप कुरा आवश्यक भए सो समेत बोर्डमा पेश गर्नुपर्नेछ । सो को जानकारी बोर्डले स्थानीय सरकारलाई अविलम्व गराउनुपर्नेछ ।

४.बोर्ड स्वाशासित संस्था हुने :१)बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ ।

२) बोर्डको काम कारवाहीको निमित्त आफनो एउटा छुट्टै छाप हुनेछ ।

३) बोर्डले व्यक्ति सरह चल, अचल समपत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचविखन गर्न वा अन्य कुनै किसिमको व्यवस्था गर्न सक्नेछ ।

४) बोर्डले व्यक्ति सरह आफनो नामबाट नालिस उजुर गर्न र बोर्ड उपर पनि सोही नामवाट नालिस उजुर लाग्न सक्नेछ ।

५. बोर्डको भौगोलिक क्षेत्र : १) दफा ३ बमोजीम गठन हुने वोर्डको भौगोलिक क्षेत्राधिकार वडा नं. ४,५,६,७ र ८ भरि हुनेछ । पछि नगर कार्यपालिकाले कार्यपालिकाको बैठकवाट तोकि स्थानीय राजपत्रमा प्रकाशन गरेको सुचनामा तोकिदिए बमोजीम हुनेछ ।

२) उपदफा (१) बमोजिमको बोर्डको भौगोलिक क्षेत्र कुनै कारणले थपघट वा हेरफेर गर्नु परेमा सो को पर्याप्त कारण सहित बोर्डले मिर्चैया नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

३) उपदफा २ बमोजिम निवेदन परेमा मिर्चैया नगरपालिकाले सो सम्वन्धमा आवश्यक जाँचवुझ गरी निवेदन उपर कारवाही गर्नेछ ।

४) उपदफा ३) बमोजीम जाँचबुझ गर्दा बोर्डको भौगोलिक क्षेत्र थपघट वा हेरफेर गर्न उपयुक्त देखेमा

नगरपालिकाको स्थानीय राजपत्रमा सुचना प्रकासित गरी बोर्डको भौगोलिक क्षेत्र थपघट वा हेरफेर गर्न सक्नेछ ।

६.बोर्डको काम,कर्तव्य र अधिकार : यस कार्यविधिमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजीम हुनेछ :-

क) सेवा प्रणालीको स्थापना,निर्माण,विस्तार, सुधार तथा पुनर्स्थपना गर्ने गराउने ,

ख) खानेपानीको दुरपयोग रोक्ने तथा खानेपानी प्रदुषित हुन नदिने ,

ग)खानेपानी स्रोत,वितरण तथा सरसफाई समबन्धमा अध्यन, अनुसन्धान तथा सर्बेक्षण गर्ने गराउने,

ङ) सेवा प्रणाली सम्वन्धी अल्पकालीन तथा दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गर्ने/ गराउने,

च) सेवा संचालनको लागि आवश्यक पर्ने लगानी निश्चित गरी सोको योजना तयार गर्ने र आर्थिक स्रोतको व्यवस्थापन गर्ने गराउने,

छ) सेवाको विस्तार तथा विकासका लागि आवश्यक पर्ने रकमको स्रोत पहिचान गरी प्राप्त गर्ने,

ज) प्रचलित कानुन बमोजीम सेवाको महसुल दर निर्धारण गराउने ,

झ) गुण्स्तरयूक्त र प्रभावकारी सेवा प्रदान गर्न आवश्यक प्रबन्ध गर्ने,

ञ) उपभोक्तालाई प्रदान गर्ने सेवा बाप्त निर्धारित महसुल असूल गर्ने गराउने,

ट) सेवा प्रदायकले सेवा प्रदान गर्दा कुनै उपभोक्तालाई पिरमर्का पर्न गएमा सो उपर सुनुवाई गरी उपयूक्त उपचार दिने,

ठ) सेवा सञ्चालनका लागि आवश्यक पर्ने तोकिए बमोजिमका अन्य काम गर्ने,

ड) हाल मिर्चैया साना शहरी खानेपानी तथा सरसफाई उपभोगता समितिले गर्दैआएको सम्पुर्ण कार्यहरु गर्ने गराउने ।

७.बोर्डले सेवा सञ्चालन गर्न गराउने :

१) बोर्डले सञ्चालन गर्नु पर्ने सेवा आफैले वा आवश्यकता अनुसार सेवा प्रदायकलाइ अनुमतिपत्र प्रदान गरी वा निजसंग समझौता गरी संचालन गर्न गराउन सक्नेछ ।

२) उपदफा १) बमोजीम सेवा प्रदायकलाई अनुमलिपत्र प्रदान गर्दा वा निजसंग सम्झौता गर्दा बोर्डले आवश्यक शर्त तोक्न सक्नेछ ।

३) सेवा प्रदायकदे पालन गर्नु पर्ने शर्तहरु अनुमतिपत्र वा समझौतामा उल्लेख भए बमोजिम हुनेछन् ।

४) अनुमतिपत्रको ढाँचा तथा सम्झौतामा उल्लेख हुनु पर्ने कुरा नगरपालिकाले तोकिए बमोजिम हुनेछ ।

८. पानी उपभोग तथा वितरण समवन्धि अधिकार सर्ने :

१) यो कार्यविधि प्रारम्भ भएको मिति देखी मिर्चैया साना शहरी खानेपानी तथा सरसफाई उपभोगता समितिले संचालन र व्यवस्थापन गर्दै आईरहेको सेवा प्रणलि यस कार्यबिधि बमोजिमको बोर्डमा स्वतःहस्तान्तरण हुनेछ र सम्पुर्ण श्रोतहरुमा बोर्डको अधिकार हुनेछ ।

२) उपदफा १) वमोजीम हस्तान्तरण भएको सेवा प्रणालीको उपभोग, संचालन तथा मर्मत सम्भार वा पुनस्थापन गर्ने क्रममा सार्वजानिक वा व्यक्तिगत घर जग्गामा पाइप राख्ने वा संरचनाको पुननिर्माण वा पुनर्स्थापना गर्ने सम्वन्धमा बोर्डलाई अधिकार हुनेछ ।

## परिच्छेद-३
## कार्यकारी समितिको गठनसम्बन्धि व्यवस्था

९. कार्यकारी समितिको गठन :

१) दफा ३ वमोजिम गठन भएको बोर्डको तर्फवाट सम्पादन गर्नु पर्ने सम्पूर्ण काम कारबाही सुचारु रुपले समपादन गर्न एक कार्यकारी समिति रहनेछ ।

२) उपदफा १) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन :–

| | |
|---|---|
| क) मिर्चैया नगरपालिकाको नगरप्रमुख | अध्यक्ष |
| ख) बोर्डको भौगोलिक क्षेत्रभित्रको वडा अध्यक्षहरु | सदस्य |
| ग) मिर्चैया नगरपालिकाको कार्यपालिका सदस्य महिला(३जना) | सदस्य |
| छ) मिर्चैया नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ज) नगरपालिकाको खानेपानी तथा सरसफाई शाखा प्रमुख | सदस्य–सचिव |

३) बोर्डले आवश्यकता अनुसार सल्लाहकार चयन गर्न सक्नेछ ।

४) उपदफा (२) वमोजीम मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ ।

५) समितिको सदस्य सचिवले खानेपानी बोर्डको पनि सचिब भई कामकाज गर्नेछ ।

१०. सदस्यको पद रिक्त हुने अवस्था :समितिमा मनोनीत सदस्यको पद देहायका अवस्थामा रिक्त भएको मानिनेछ : –

क) निजले मनोनयन गर्ने निकाय समक्ष आफनो पदबाट लिखीत राजीनामा दिएमा ,

ख) निजको पदावधि समाप्त भएमा ,

ग) निज साहुको दामासाहीमा परेमा,

घ) निज कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरीएमा ,

ङ) निज प्रतिनिधित्व गर्ने कार्यालय वा संस्थाबाट कार्यरत पदवाट हटेमा ,

च) निज विना सूचना तिन पटकसम्म समितिको बैठकमा अनुपस्थित भएमा,

छ) निजको मृत्यू भएमा वा मानसिक सन्तुलन गुमाउने कुनै रोग लागेको प्रमाणित भएमा ।

११. रिक्त स्थानको पूर्ति : समितिका मनोनीत सदस्यको पद कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिको लागि निज पहिले जुन तरिकावाट मनोनयन भएको हो सोही तरिकाबाट मनोनयन गरी पदको पूर्ति गरिनेछ ।

१२. समितिको बैठक र निर्णय :

१) समितिको बैठक बर्षको कम्तिमा ६ पटक वस्नेछ र दुई बैठक बीचको फरक तीन महिनाभन्दा बढीको हुने छैन ।

२) समितिको वैठक अध्यक्षले तोकेको स्थान,मिति र समयमा बस्नेछ ।

३) उपदफा १ र २ मा जुनसुकै कुरा लेखीएको भए तापनी समितिका कम्तिमा पच्चिस प्रतिशत सदस्यले समितिको बैठक बोलाउन लिखित अनुरोध गरेमा अध्यक्षले त्यस्ता लिखीत अनुरोध प्राप्त भएको मितिले सात दिन भित्र समितिको बैठक बोलाउनु पर्ने छ ।

४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा वढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितमा उपस्थित सदस्यहरुले आफुमध्यबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने

व्यक्तिले निर्णायक मत दिनेछ ।

७) समितिको निर्णय अध्यक्षले प्रमाणीत गर्नेछ ।

८) समितिको बैठक सम्वन्धी अन्य नियमावली समिति आफैले विर्धारण गरे बमोजीम हुनेछ ।

**१३. सदस्यको भत्ता तथा सुविधा :**

१) समितिको सदस्यले बैठकमा भाग लिए बापत बोर्डले तोके बमोजिम बैठक भत्ता पाउनेछ ।

२) समितिका सदस्यले बोर्डको काम गरे बापत पाउने अन्य सुविधा बोर्डले तोकिए बमोजिम हुनेछ ।

१४. **सर्वसाधारणको हित हुनु पर्ने :**समितिले बोर्डको तर्फबाट काम कारवाही गर्दा सर्वसधारणको बृहत्तरहित र व्यापक सुविधालाई ध्यानमा राखी गर्नु पर्नेछ र त्यसरी काम गर्दा लागेको लागत खर्चसमेतलाई विचार गर्नु पर्नेछ ।

## परिच्छेद-४

## कार्यकारी समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार

१५.**अध्यक्षको काम कर्तव्य र अधिकार:**अध्यक्षको काम कर्तव्य र अधिकार देहाय वमोजीमहुनेछ :-

१) कार्यकारी समितिको बैठकको बोलाउन सचिवलाई  निर्देशन दिने ।

२) कार्यकारी समितिको बैठकको अध्यक्षता गर्ने,

३) आवश्यकता अनुसार अन्य क्षेत्रमा संस्थाको तर्फावाट प्रतिनिधित्व गर्ने वा गराउने,

४) आवश्यकता अनुसार संस्थाको तर्फवाट कुनै व्यक्ति, संस्था, सरकारी निकायसंग समझौता गर्ने,

५) कार्यकारि समितिको निर्णहरुलाई कार्यन्वयन गर्ने गराउने । आवश्यक्ता अनुसार आफुमा रहेको अधिकार अन्य सदस्य  वा नगरपालिकाको कर्मचारीलाई प्रत्यायोजन गर्ने ,

६) बोर्डले संचालन तथा व्यवस्थापन गरेको आयोजनामा समष्टिगत जिम्मेवारी लिने दिने,

७) आयोजनाको निरिक्षण गर्ने र उपभोक्ताको हितलाई सर्बोपरि प्राथमिकता दिई आयोजनाको सफलता पुर्वक संचालन र व्यवस्थापन गर्ने,गराउने,

८) कार्यकारी समितिको बैठकमा मत वरावर भएमा निर्णायक मतको प्रयोग गर्ने,

९) बोर्डको आय व्यय लाई नेपाल सरकार द्धारा तोकिए वमोजीम राख्न लगाई प्रत्यक वर्ष व्यवस्था भए वमोजीमको लेखा परिक्षक संग लेखा परिक्षण गराउने र नगर सभावाट अनुमोदन गराउने ।

१६. **सदस्य सचिवको काम कर्तव्य र अधिकार:**सदस्य सचिवको काम कर्तव्य र अधिकार देहाय वमोजीम हुनेछ :-

क) अध्यक्षको निर्देशनमा सधारण सभा एवं कार्यकारि समितिको बैठक बोलाउने,

ख) समितिको निर्णय तथा निर्देशन कार्यन्वयन गर्ने गराउने,

ग) बोर्डको आपतकालिन तथा दीर्घकालिन योजना, वार्षिक कार्यक्रम र बजेट तयार गर्ने गराउने,

घ) समितिबाट स्वीकृत कार्यक्रम कार्यन्वयन गर्ने गराउने ।

ङ)  बोर्डको लागि आवश्यक कर्मचारी नियूक्तिको लागि समिति समक्ष सिफारिस गर्ने ,

च) समितिबाट स्वीकृत हुनु पर्ने प्रस्तावहरु समिति समक्ष पेश गर्ने,

छ) बोर्डले तोके वमोजिमका अन्य काम गर्ने ।

१७. **सदस्यकोकाम कर्तव्य र अधिकार :** सदस्यको काम कर्तव्य र अधिकार देहाय वमोजीम हुनेछ :-

क) अध्यक्षले वा कार्यकारी समितिले दिएको जिम्मेवारी पुरा गर्ने,

ख) कार्यकारी समितिको बैठकमा भाग लिने र बोर्डको हितमा आफनो सल्लाह र सुझाव दिने,

ग) कार्यकारी समितिवाट भएको निर्णयलाई कार्यन्वयन गर्न सहयोग गर्ने र गराउने,

घ) बोर्डको कार्यहरुका सम्वन्धमा आफनो राय अध्यक्ष समक्षपेश गर्ने,

ङ) कार्यकारि समितिमा आफनो राय राखने र आफनो मताधिकारको प्रयोग गर्ने ।

१८. **कर्मचारी सम्बन्धी व्यवस्था :** १) बोर्डमा आवस्यक संख्यामा कर्मचारीहरु रहनेछन् ।

२) उपदफा (१) बमोजिमका कर्मचारीको नियूक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरु बोर्डले तोके बमोजीम हुनेछन् ।

## परिच्छेद-५
## बोर्डको विशेषाधिकार

१९. **ऋण तथा सहयोग लिन सक्ने :**बोर्डले आवश्यकता अनुसार नगरपालिकाको अनुमतीले नेपालभित्रको कुनै बैंक वा वित्तीय संस्था वा विदेशी सरकार, अन्तराष्ट्रिय संघ वा संस्थाबाट ऋण वा सहयोग प्राप्त गर्न सक्नेछ ,

तर विदेशी सरकार, अन्तराष्ट्रिय संघ वा संस्थाबाट ऋण वा सहयोग प्रप्त गर्नु अघि बोर्डले स्थानीय सरकारसंग अनिवार्य तथा आवश्यकताको आधारमा प्रदेश र संघिय सरकारको स्वीकृति लिनु पर्नेछ ।

२०. **घर जग्गामा प्रवेश गर्न सक्ने :**१) बोर्डको कुनै कर्मचारी आफ्नो कर्तव्य पालनको सिलसिलामा कुनै उपभोक्ताको घर जग्गामा प्रवेश गर्नु पर्ने भएमा सोको करण सहितको जानकारी सम्वन्धित व्यक्तिलाई दिई त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ ,

तर कुनै व्यक्तिले सेवाको दुरुपयोग वा सेवाको अनाधिकार उपयोग गरिरहेको छ भने शङ्का गर्नु पर्ने मनासिव आधार र कारण भएमा त्यस्तो घर जग्गामा प्रवेश गर्न जानकारी दिइरहनु पर्ने छैन

२) बोर्डको अनुमती-पत्र लिई वा बोर्डसंग सम्झौता गरी सेवा सञ्चालन गर्न सेवा प्रदायकलाई समेत उपदफा (१) बमोजीमको अधिकार प्राप्त हुनेछ ।

२१. **निजी वा सर्बजानीक घर जग्गामा पाईप विच्छ्याउन सक्ने :**

१) बोर्डले उपभोक्तालाई खानेपानी वा सरपसफाई सेवा उप्लब्ध गराउने प्रयोजनको लागी निजी वा सार्बजानीक घर जग्गामा पाईप विच्छ्याउन वा अन्य संरचना बनाउन सक्नेछ ।

२) उपदफा १) बमोजीम पाइप बिछ्याउँदा वा सोसँग सम्वन्धित अन्य संरचना बनाउँदा कुनै व्यक्तिको निजी घर जग्गामा कुनै किसिमले हानि नोक्सानी भएको प्रमाणित भएमा बार्डले सो बापत सम्बन्धि घर जग्गाधनीलाई सरकारी बोर्डले मुल्याङ्कन गरे बमोजीम क्षतिपूर्ति दिनु पर्नेछ ।

२३. **सेवा प्रदायक संग सेवा शुल्क लिन सक्ने :**१) बोर्डले आफनो भौगोलिक क्षेत्रभित्र सेवा सञ्चालन गर्ने सेवा प्रदायकसँग तोकिए बमोजिम सेवा शुल्क लिन सक्नेछ ।

२) बोर्डले कुनै सेवा प्रदायकलाई आफनो सेवा प्रणली सञ्चालन गर्न अनुमतिपत्र दिएकोमा सेवा अनुमती-पत्रमा उल्लेख भए बमोजिमको रकम त्यस्तो सेवा प्रदायकबाट असुल उपर गर्नेछ ।

२४. **अतिरिक्त दस्तुर लगाउने :**१) उपभोक्ताले सेवा उपयोग गरे वापत तिर्नु पर्ने महसुल निर्धारित समय भित्र नतिरेमा वा उपभोक्तालाई नियमित सेवाभन्दा थप सेवा उपलब्ध गराईकोमा त्यस्तो उपभोक्ताबाट बोर्डले तोकिएको बमोजीम अतिरिक्त दस्तुर असुल उपर गर्न सक्नेछ ।

२) बोर्डसँग समझौता गरी वा बोर्डको अनुमती-पत्र प्राप्त गरी सेवा सञ्चालन गर्ने सेवा प्रदायकले समेत उपदफा (१) बमोजीमको अतिरिक्त दस्तुर लगाउन र उठाउन पाउनेछ ।

२५. **सेवा निलम्वन वा अन्त्य गर्न सक्ने** :१) यस कार्यविधि वा प्रचलित कानुन बमोजीम निर्धारित महसुल नबुझाउने वा तोकिएको समयमा महशुल नबुझाउने उपभोक्ताको सेवा बोर्ड वा प्रदायकले निलम्बन वा अन्त्य गर्न सक्नेछ ।

२)उपदफा (१) बमोजिम सेवा अन्त्य भएकोमा उपभोक्ताले बोर्ड वा सेवा प्रदायकलाई बुझाउनु पर्ने महसुल तथा अन्य दस्तुर बुझाएमा निजलाई पुनः सेवा प्रदान गरिदिनेछ ।

## परिच्छेद-६
## बोर्डको कोष र लेखापरीक्षण

२९) **बोर्डको कोष** : १) बोर्डको आफनो छुट्टै कोष हुनेछ ।

२) उपदफा १) बमोजिमको कोषमा देहायका रकम रहनेछन :-

क) संघ, प्रदेश र स्थानीय सरकारवाट प्रप्त रकमहरु ,

ख) विदेशी सरकार, अन्तराष्ट्रिय संघ वा संस्थाहरुवाट ऋण, अनुदान वा सहयोग बापतको रकम,

ग) सेवा प्रदायकलाई सेवा प्रणाली उपयोग गर्न दिए बापत प्राप्त रकम,

घ) सेवा प्रदायकबाट अनुमति-पत्र दस्तुरवाप्त प्राप्त रकम,

ङ)उपभोक्ताले पानी महसुल वापत बुझाएको रकम वा अन्य दस्तुरहरु

च) अन्य कुनै स्रोतवाट प्राप्त रकम ।

३) बोर्डको सम्पूर्ण खर्च उपदफा १) को कोषबाट व्यहोरिनेछ ।

४) बोर्डको कोषमा रहने रकम मिर्चैया नगरपालिका भित्रको कुनै नेपाल सरकारवाट मान्यता प्राप्त क वर्गको बैंकमा खाता खोली जम्मा गरिनेछ र त्यस्तो खाताको संचालन कोषको संरक्षक ( न.पा.को प्रमुख प्रशासकिय अधिकृत) र बोर्डले नियूक्त गरेको लेखापालको संयूक्त दस्तखतवाट हुनेछ ।

३०) **उपभोक्ता संरक्षण कोष** : १) दफा २५ बमोजीमको जरिवाना बाप्त प्राप्त गरेको रकम जम्मा गर्ने बोर्डले एउटा उपभोक्ता संरक्षण कोष खडा गर्नेछ ।

२) उपदफा १) बमोजिमको कोषमा जम्मा भएको रकम सेवालाई नियमित गराउन, सेवाप्रणालीको आवश्यक्ता अनुसार मर्मत सम्भार गर्न वा पुनर्निमाण गर्न तथा तोकिए बमोजिम उपभोक्तालाई अनुदान वा अन्य काममा प्रयोग गरिनेछ ।

३) कोषको संञ्चालन, व्यवस्थापन र उपयोग सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछन् ।

३१ **लेखा र लेखा परीक्षण** : १) बोर्डको आय-व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

२) बोर्डले तोकिए वमोजिम आन्तरिक लेखापरिक्षण तथा आन्तरिक नियन्त्रण गर्नु गराउनुपर्नेछ ।

३) बोर्डको आय-व्ययको लेखापरीक्षण समितिले नियूक्त गरेको ईजाजतपत्र प्राप्त लेखापरीक्षकबाट हुनेछ ।

## परिच्छेद-८
## विविध

३२. **निर्देशन दिन सक्ने** : सेवाको गुणस्तर कायम गर्ने, वातावरण संरक्षण गर्ने तथा खानेपानी तथा सरसफाईको गुणस्तार कायम राख्ने सम्वन्धमा मिर्चैया नगरपालिका, प्रदेश र संघिय सरकारले बोर्डलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु बोर्डको कर्तव्य हुनेछ ।

३३. **वार्षिक प्रतिवेदन पेश गर्नु पर्ने :**१)बोर्डले प्रत्यक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र देहायका कुराहरु समेत समावेश गरी नगर सभावाट अनुमोदन गराई, प्रदेश र संघिय सरकारको सम्वन्धित मन्त्रालय समक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

क) बोर्डको आम्दानी र खर्चको विवरण ,

ख) आफुले वर्षभरी सम्पादन गरेको कामको विवरण र सोको लागि लागेको प्रशासकीय खर्च,

ग) आगामी वर्षको कार्ययोजना र त्यसको लागि आवस्यक पर्ने अनुमानित बजेट तथा सोको स्रोत,

घ) तोकिए बमोजिम अन्य विवरणहरु ।

२) उपदफा (१) वमोजिमको प्रतिवेदन नगरपालिकाले प्रत्यक वर्ष बोर्डलाई उपभोक्ता समक्ष सार्वजनिक गर्न लगाउनेछ ।

३४. **उपसमिति गठन गर्न सक्ने :** १) बोर्डले आफूले गर्नुपर्ने काम कारबाही सुचारु रुपले गर्नको लागि विभिन्न विषय संग सम्बन्धित विशेषज्ञ, सेवा प्रदायक तथा उपभोक्ताको समेत संलग्नता रहने गरी आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य , अधिकार तथा सुविधा तोकिए बमोजिक हुनेछ ।

३५. **सरकार संग सम्पर्क र समन्वय :** बोर्डले संघिय र प्रदेश सरकारसंग सम्पर्क राख्दा सम्बन्धित मन्त्रालयमार्फत राख्नु पर्नेछ , तर स्थानीय सरकारसंग सम्पर्क राख्दा नगर प्रमुख समक्ष राख्नुपर्नेछ ।

३८. **खारेजी तथा बचाऊ :**१) खानेपानी बोर्डको आवश्यकता तथा औचित्य पुष्टि नभएका बखत कार्यकारी समितिले निर्णय गरी मिर्चैया नगरपालिकामा पेश गरेमा नगरसभामा दुई तिहाई बहुमतले निर्णय गरी खानेपानी बोर्डको खारेज गर्न सक्नेछ ।

३) यस अधि मिर्चैया साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्था रहेकामा सो खारेज भई सम्पुर्ण जिम्मेवाही यस मिर्चैया नगरपालिकाको खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्डको जिम्मेवारी हस्तान्तरण गरिनेछ ।

आज्ञाले,
विष्णु रंजन वराल
प्रमुख प्रशासकिय अधिकृत